bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

सुपथ मुल्यमा पुर्वेली, पाल्पाली ढाकाटोपी, साडी, ब्याग आदि चाहिएमा हामीलाई सम्झनुहोस् ।
निखिल ढाका कपडा एण्ड सटिङ्ग सुटिङ्ग उद्योग
व्यास-१, २, दमौली । सम्पर्क : ९८४१८०००६१, ९८०६६७३३४४
साथै, इण्डियन, चाइनिज, नेपाली तथा ढाकाको कोट, सुट, दौरासुरुवाल, रेडिमेट तथा अर्डर अनुसार तयार गरिन्छ ।

वर्ष ४० अंक १०८ | २०७८ साउन ३२ गते सोमबार, नेपाल सम्वत् ११४१ August 16, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**एन्टिजेनबाट कोरोना परीक्षण :** तनहुँको दमौली स्थित दमौली अस्पतालमा एन्टिजेन प्रविधिबाट कोरोना संक्रमण परीक्षण गरिदै । जिल्लामा आइतबार २४ जना नयाँ संक्रमित थपिएसंगै ४७६ जना सक्रिय संक्रमित रहेका छन् भने ४१ जना निकोभएसंगै हालसम्म कोरोना संक्रमबाट मुक्त हुनेको संख्या ४ हजार १२२ रहेको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ । यस्तै, दोश्रो लहरको कोरोना संक्रमणबाट ९९ जना र पहिलो लहरको कोरोना संक्रमणबाट २५ जना गरी हालसम्म १२४ जनाको मृत्यु भएको छ । *तस्विर : निशा थापा मगर/भञ्ज्याङ*

# रोटरीद्वारा विद्यालयलाई वाटर डिस्पेन्सर सहयोग

**भञ्ज्याङ समाचारदाता**/दमौली

रोटरी क्लब अफ दमौलीले रोटरी बर्ष २०२०–०२१ को डिष्ट्रिक ग्रयाण्ड अन्तर्गत तीन पालिकाका सामुदायिक विद्यालयहरूलाई दश वटा चिसोतातो पानी पिउने वाटर डिस्पेन्सर हस्तान्तरण गरेको छ । वाटर डिस्पेन्सर हस्तान्तरण गरेको हो ।

व्यास नगरपालिका–७ साँघेको इन्दु माध्यमिक विद्यालय, व्यास–१२ छिर्कन स्थित अमर ज्योति माध्यमिक विद्यालय, व्यास–११ फराकचौरको बाराही माध्यमिक विद्यालय, व्यास– १२ कै सिद्धेश्वरी




क्लवले आफ्नो २१औं पदस्थापनाका अवसरमा व्यास नगरपालिका, ऋषिङ्ग गाउँपालिका र म्याग्दे गाउँपालिकाका विद्यालयलाई एक थान जार सहित माध्यमिक विद्यालय, व्यास–१० बैरेनीको चण्डीदेवी राष्ट्रिय माध्यमिक विद्यालय, व्यास–१४ को केशवटार माध्यमिक विद्यालय,

बाँकी अन्तिम पेजमा

# तनहुँमा गत आ.व. मा १२ पुल शिलान्यास, एउटा पनि सम्पन्न भएनन्

**कृष्ण न्यौपाने**/दमौली

आर्थिक वर्ष ०७७/७८ मा १२ पक्की पुल शिलान्यास भए पनि एउटा पनि सम्पन्न हुन सकेन । गण्डकी प्रदेश सरकारमार्फत बनाउन लागिएका तीमध्ये छ पुल गत असारमा सम्पन्न हुनुपर्ने थियो। विगतमा प्रदेश सरकारका लगानीमा जिल्लामा पक्की पुल शिलान्यासको लहर चलेको थियो । विभिन्न नदी तथा खोलामा ती सबै पक्की पुल निर्माणाधीन छ । तीमध्ये तीन आगामी असोजसम्म सम्पन्न गर्नुपर्ने म्याद छ । बाँकी पुलको म्याद आगामी आव रहेको कार्यालयका पुलको काम सम्पन्न हुन सकेन", उहाँले भन्नुभयो ।

कोरोना कहरका बाबजुद निर्माण कम्पनीले काम पनि गरेका थिए । लक्ष्यअनुसार भने पूरा नभएको उहाँ बताउनुहुन्छ । निर्माणाधीन सबै पुलको कार्य प्रगति सन्तोषजनक देखिएको उहाँको



व्यास नगरपालिका–१४ र बन्दीपुर गाउँपालिका–६ जोड्ने ढाड खोला मोटरेवल पुलमा बाढीले पुऱ्याएको क्षतिको अवलोकनपछि स्थानीय उपभोक्तासंगै छलफलमा गर्दै व्यास नगरपालिका–१४ का वडाध्यक्ष काजीमान श्रेष्ठ । पुल मर्मतको लागि चालु आर्थिक वर्षमा नगरपालिकाले पाँच लाख पचासी हजार रूपैयाँ विनियोजन गरेको छ । *तस्विर : भञ्ज्याङ*

कोरोना कहर र निषेधाज्ञाका कारण समयमै पुल सम्पन्न नभएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । प्रमुख ओमराज ढुङ्गानाले जानकारी दिनुभयो । "कोरोना कहरका कारण समयमै सकिनुपर्ने भनाइ छ । कोरोना कहरमा म्याद सकिएका निर्माणाधीन योजनालाई

बाँकी अन्तिम पेजमा




वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईंकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

## सम्पादकीय

# मुकुन्देश्वरी पर्खाल

धार्मिक, साँस्कृतिक, प्राकृतिक, ऐतिहासिक तथा साहित्यिक लगायत विविध आयमले नेपाल भरिपूर्ण छ । हाम्रा पाखापखेरा पर्यटकीय हिसावले निकै महत्वपूर्ण र आकर्षक गन्तव्य हुन् । ऐतिहासिक पृष्ठभूमि बोकेका पहाडका अग्ला टाकुरा, भञ्ज्याङ, बेसी, उपत्यकापनि पर्यटकीय हिसावले निकै महत्वपूर्ण छन् । यी र यस्ता सम्पदाको पहिचान गरी उचित प्रवर्द्धन गर्न सकियो भने स्थानीय बासिन्दाको आर्थिक उपार्जन मात्र होइन मुलुककै लागि फाइदाको विषय बन्न सक्छ । यस्तै ऐतिहासिक पृष्ठभूमि बोकेको एउटा गन्तव्य हो मणिमुकुन्देश्वरी डाँडा । तत्कालिन राजा मुकुन्द सेनले शासन गरेको मुकुन्देश्वरी डाँडालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यका साथ बन्दिपुर गाउँपालिका लागि परेको छ । बन्दिपुरको शीरका रूपमा ठडिएको गुरूङ्चे डाँडाबाट राजा मुकुन्द सेनले शासन गरेको दरबारसम्म जोड्ने पदमार्गलाई आकर्षक रूपमा निर्माण अगाडि बढाइएको छ । मुकुन्देश्वरी पर्खालको नामाकरण गरी काम अगाडि बढाइएको गाउँपालिकाले अहिले यो पर्खालको नाम 'मिनी ग्रेटवाल'को नामले चिनिन थालेको छ । वडा नं. २ स्थित थानीमाई मन्दिरबाट शुरू भई मुकुन्देश्वरी डाँडासम्म निर्माण गरिएको करीब चार किलोमिटर दुरीको यो पदमार्गलाई चिनाउन गाउँपालिकाले प्रवर्द्धनात्मक कार्यक्रमलाई प्राथमिकता दिन थालेको छ ।

बन्दिपुर प्राकृतिक दृश्य अवलोकन र सुन्दरताका कारण 'पहाडकी रानी' उपनामले प्रसिद्ध कमाएको छ । तनहुँको पर्यटकीय नगरीलाई थप आकर्षक बनाउन गाउँपालिकाले विभिन्न पर्यटनसंग सम्बन्धित पूर्वाधारहरू थप्दै लग्ने योजना अगाडि सारेको छ । यी मध्ये मुकुन्देश्वरी पर्खाल अर्थात मिनीग्रेटवाल पनि एउटा हो । चीनको जस्तै झझल्को दिने गरी निर्माण गरिएको मिनिग्रेटवालको प्रचारप्रसार र प्रवर्द्धनका लागि सोही ठाउँमा गाउँपालिकाले कार्यपालिका बैठक नै गरेको छ । मिनीग्रेटवालको प्रचारप्रसार र प्रवर्द्धन गर्दै बढीभन्दा बढी पर्यटक भित्र्याउने उद्देश्यले कार्यालय भन्दा बाहिर बैठक बसेको गाउँपालिकाले बताएको छ । नयाँ–नयाँ गन्तव्य बनाउने उद्देश्य सहित यसमा लगानी गर्दै आएको गाउँपालिकाले चालु आर्थिक वर्षको बजेटमा डेढ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । गत वर्षदेखि निर्माण शुरू भएको मिनीग्रेटवालको निर्माण नसकिँदै यो पर्यटकको रोजाइमा पर्न थालेको छ । बन्दिपुर घुम्न आएका अधिकांश पर्यटकले यस पर्खालको विषयमा चासो देखाउन थालेका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट बजेट विनियोजन भएको छ । गत वर्ष एक हजार एक सय मिटर पदमार्ग निर्माण सम्पन्न भएकोमा चालु आर्थिक वर्षमा पनि ३५ मिटर पदमार्ग निर्माण सम्पन्न भइसकेको छ । गाउँपालिकाले मिनीग्रेटवालको थप काम गर्नका लागि पाँच करोडको टेण्डर गरिसकेको छ । कूल साढे दुई किलोमिटर दूरी रहने मिनीग्रेटवालसँगै यहाँ थप पूर्वाधार निर्माण गर्ने योजना गाउँपालिकाले बनाएको छ । गुरूयोजना अनुसारका पूर्वाधार निर्माणका लागि १९ करोड रूपैया लागत इष्टमेट गरिएको छ ।

गाउँपालिकाले यस क्षेत्रमा थानीमाई मन्दिर, उद्यान, सेल्फी उद्यान, प्याराग्लाइडिङ गर्ने ठाउँ, नौ मिटर अग्लो बन्दीपुर लेखिएको स्तम्भ, घोडा शयर, पुष्पलाल स्मृति पार्क, मुकुन्देश्वरी पार्क लगायतका संरचना निर्माण गर्ने योजना बनाएको छ । यस्तै, गाउँपालिकाले टुँडिखेलमा सिसाको भ्युटावर निर्माणका लागि पनि एक करोड ५० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । जमिनको सतहबाट पाँच फिट अग्लो टावर निर्माण गरेर दृश्यावलोकनको केन्द्र निर्माण गर्ने लक्ष्य राखिएको छ । उक्त केन्द्रबाट एकपटकमा १५ जनाले अवलोकन गर्न मिल्ने बताइएको छ । सिसाको दृश्यावलोकन केन्द्र निर्माणका लागि करिब तीन करोड रूपैयाँ भन्दा बढी रकम आवश्यक पर्ने बताइएको छ । टेण्डर निकाल्नका लागि बजेटको स्रोत सुनिश्चित हुनुपर्ने भएकाले स्रोत जुटाएर मात्रै टेण्डर निकाल्न खोजिएको गाउँपालिकाले बताएको छ । बन्दिपुरमा वार्षिक एक लाख भन्दा बढी पर्यटक भ्रमणका लागि आउने गरेका छन् । यो तथ्याङ्लाई बढउँन तथा यहाँ आइपुगेका पर्यटकको बसाई लम्ब्याएने योजनामा गाउँपालिका लागि परेको छ । बन्दिपुर प्रकृतिक, साँस्कृतिक तथा पराम्परागत कला संस्कृतिको अध्ययन अवलोकनका लागि आकर्षक गन्तव्य हो । यीसंगै गाउँपालिकाले थप्दै लगेको पर्यटकीय पूर्वाधारले पक्कै पनि भोलिका दिनमा पर्यटकको संख्यामा वृद्धि र सबाई लम्ब्याउने मात्र होइन आर्थिक उपार्जनको माध्यम पनि राम्रो बन्ने देखिन्छ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३९१०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# गण्डकी सरकार पूर्वाग्रही बनेको भन्दै एमालेले गरायो ध्यानाकर्षण (ध्यानाकर्षण पत्रसहित)

नेकपा एमालेले, गण्डकी प्रदेश सरकारले ठूला योजनामा बजेट कटौती गरेर खुद्रा योजनामा वितरण गरेको भन्दै मुख्यमन्त्रीको ध्यानाकर्षण गराएको छ । आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रममा गण्डकी प्रदेशलाई समृद्ध बनाउने योजनाहरूमा बजेट कटौती गरेको भन्दै एमालेको गण्डकी प्रदेश संसदीय दलले मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई आइतबार ध्यानाकर्षण पत्र बुझाएको हो । 'टेन्डर भइसकेका योजनाहरूमा समेत बजेट नराख्नु भनेको सरासर पूर्वाग्रही हुनु हो,' ध्यानाकर्षण पत्रमा लेखिएको छ, 'सम्भाव्यता अध्ययन तथा डिपीआर तयार नै गर्न बाँकी रहेका योजनामा बजेट राख्नु भनेको कार्यान्वयन नहुनुमात्रै होइन, नगर्नु पनि हो ।' कांग्रेस नेतृत्वको सरकार समृद्ध गण्डकी प्रदेश र सुखी प्रदेशवासी सपनाको कट्टर बिरोधी देखिएको एमालेको आरोप छ। एमालेले भौतिक पूर्वाधार, खानेपानी, ऊर्जा, भूमि व्यवस्था, उद्योग, सहरी विकास, स्वास्थ्य, खेलकुद लगायतका क्षेत्रमा बुँदागतरूपमा आफ्ना मागहरू राखेको छ ।

**हेर्नुहोस्, ध्यानाकर्षण पत्र –**

माननीय मुख्यमन्त्रीज्यू
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
गण्डकी प्रदेश, पोखरा
विषय : ध्यानाकर्षण ।

गण्डकी प्रदेशमा नेकपा एमालेको सरकार विस्थापन गरी नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टीको गठबन्धनमा सरकार बन्यो । यो सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेट र कार्यक्रममा गण्डकी प्रदेशलाई समृद्ध बनाउने तमाम योजनाहरूमा बजेट कटौती, कार्यक्रम र योजना खारेज गरेर गण्डकी प्रदेशबासी जनतामाथि ठूलो अन्याय गरेको छ ।

प्रदेशको प्रथम पञ्चवर्षीय योजना पूरा गर्दै दिगो विकासका लक्ष्य भेट्ने उद्देश्यसहित राखिएका योजनाबद्ध विकासका आयोजनालाई अघिल्लो सरकारले प्राथमिकता दिएको थियो। योजनाबद्ध विकास गर्न त्यसै अनुसार बजेट विनियोजन गरेको थियो । तर गठबन्धन सरकारले ती योजनामा बजेट काट्दा राजनीतिक प्रतिशोधको दृष्टि र पूर्वाग्रह राखेको देखिन्छ । प्रतिशोध र पूर्वाग्रह लोकतान्त्रिक चरित्र होइन । वास्तवमा त्यो प्रतिशोध र पूर्वाग्रहपूर्ण व्यवहारबाट तत्कालीन सरकारको नेतृत्व गरेको पार्टी नेकपा (एमाले)लाई होइन गण्डकी प्रदेश र समृद्ध प्रदेशको जनताको चाहनामाथि कुठाराघात हुन पुगेको हाम्रो ठहर छ ।

विगतमा एमाले सरकारले प्राथमिकताका साथ राखेका योजनामा कतै पनि राजनीतिक उद्देश्य र आग्रह थिएन । केवल एउटै अर्जुनदृष्टि थियो–निर्धारित उद्देश्य र लक्ष्य प्राप्त गरी प्रदेशलाई समृद्ध बनाउने, शान्ति र सुशासनका माध्यमबाट प्रदेशबासीको जनजीवनलाई सुविधा सम्पन्न बनाउने र विकास निर्माणका माध्यमबाट जनताको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने लक्ष्यका साथ सक्रिय थियो । वर्तमान सरकारलाई हेक्का हुनुपर्ने हो, एमाले सरकारले सुरू गरेका सबै योजना र कार्यक्रम जनहितमा केन्द्रित थिए, राजनीतिक आग्रहपूर्वाग्रहबाट प्रेरित थिएनन् ।

अघिल्लो सरकारले गण्डकी विश्वविद्यालय, गण्डकी प्राविधिक तथा व्यावसायिक तालिम प्रतिष्ठान, सूचना प्रविधि पार्क, विज्ञान प्रविधि प्रतिष्ठान, अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, गण्डकी प्रदेशका सबै स्थानीय तहका प्रशासनिक केन्द्रहरूलाई प्रदेश राजधानीसँग जोड्ने सडक, एक निर्वाचन क्षेत्र एक सडक, आधारभूत खानेपानी, एक घर एक धारा, गण्डकी प्रज्ञा प्रतिष्ठान, गण्डक प्रदेश खेलकुद परिषद, ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्रदेश उज्यालो प्रदेश, सडक पुल र सिँचाइ, झोलुङ्गे पुल, सरकारी कार्यालय निर्माण गर्नुलाई हामीले जनताको भलाइ हुने ठानेका थियौं । तर यो सरकारले जनतामुखी त्यस्ता कार्यक्रमलाई पूरापूर बेवास्ता गर्दै कार्यकर्तामुखी, टोलस्तरीय कार्यक्रमका लागि साना र खुद्रा बजेट विनियोजन गरेको छ । के विकास र समृद्धि खुद्रे योजनाबाट सम्भव छ ? यसबाट के प्रष्ट हुन्छ भने कांग्रेस नेतृत्वको सरकार समृद्ध गण्डकी प्रदेश र सुखी प्रदेशबासी सपनाको कट्टर बिराधी देखिएको छ ।

टेन्डर भइसकेका योजनाहरूमा समेत बजेट नराख्नु भनेको सरासर पूर्वाग्रही हुनु हो । ती सम्भव नहुने र अमूर्त योजनामा चाहिँ यो सरकारले बजेट राखेको छ । सम्भाव्यता अध्ययन तथा डिपीआर तयारनै गर्न बाँकी रहेका योजनामा बजेट राख्नु भनेको कार्यान्वयन नहुनुमात्रै होइन, नगर्नु पनि हो । यो सरकार जनताका आँखामा छारो हाल्न चाहन्छ र भ्रमित पार्दै जनता अझै वढी दुखी गरिब भइरहुन्, तिनीमाथि शासन गरिरहन पाऊँ भन्ने चाहन्छ। जनता र प्रदेशको भविष्यलाई सुन्दर र उज्ज्वल बनाउन ती तमाम कमजोरी तुरून्तै सच्च्याइनुपर्छ भन्ने हामी माग गर्दछौं । यसर्थ निम्न योजनाहरू तत्कालै कार्यान्वयन गर्नका लागि हामी सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।




**क) भौतिक पूर्वाधार**

टेण्डर भएका निम्न योजनाहरूलाई तुरून्तै कार्यान्वयनमा लगियोस् ।

१, खत्रीठाँटी कुन्छा सोतीपसल सडक खण्ड लमजुङ ।
२, शालिग्राम करिडोर लोकमार्ग मालुङ्गा बास्टारी रानीघाट रूद्रवेसी सेतीबेनी कुस्मा सडक खण्ड ।
३, बेनी दरबाङ म्याग्दी निर्वाचन क्षेत्र १ दोस्रो खण्ड ।
४, नौडाँडा कार्कीनेटा सडक स्याङ्जा दोस्रो खण्ड ।
५, नौलीखाला सडक पुल धार्चे गोरखा ।
६, रात्तेला धोवादी सडक स्याङ्जा बजेट विनियोजन नभएको तर (प्रक्रिया अगाडि बढेको)।
७, एक निर्वाचन क्षेत्र एक सडकको दोस्रो खण्डको लागि बजेट व्यवस्था गर्नुपर्ने ।
८, स्थानीय तहका प्रशासनिक केन्द्र जाने सडकहरूलाई प्राथमिकतामा राख्नुपर्ने ।
९, रणनीतिक महत्वका सालबसाली योजनाहरू ५० लाखभन्दा माथिकालाई प्रथामिकता दिई निरन्तरता दिनुपर्ने ।
१०,नयाँ ट्र्याक खोलिएका अधुरा बाटाहरू थोरै रकम छुट्याउँदा सम्पन्न हुने हुँदा उक्त सडकमा बजेट व्यवस्था हुनुपर्ने ।
११,विगत वर्षहरूमा बजेट विनियोजन गरिएका सडक पुल, झोलुङ्गे पुलहरूलाई कार्यान्वयनमा लैजानुपर्ने ।

**(ख) खानेपानी**

१, आधारभूत खानेपानी २ वर्षभित्र पुऱ्याउने सरकारको प्राथमिकता अनुसार पहिचान भएका १२७ वटा योजनामध्ये लगभग १०८ वटा पूरा हुन लागेको हुँदा बाँकी १९ आयोजनालाई बजेट व्यवस्था गरी आर्थिक बर्ष २०७८/२०७९ मा सम्पन्न गर्नुपर्ने ।
२, 'एक घर एक धारा' ५ वर्षभित्र सबै जनताको घर घरमा पुऱ्याउने विगत सरकारको योजना हो । तर योजनाहरूको कटौती र न्यून बजेटको व्यवस्थाले यो कार्यक्रम पुर्ण नहुने हुँदा, विगत सरकारले लिएको नीति र कार्यक्रम अनुसार बजेट विनियोजन गरियोस् ।

**(ग) ऊर्जा, सिँचाइ र भूमिगत सिँचाइ योजना**

१, गण्डकी प्रदेशको ४८ प्रतिशत असिंचित भुमिमा बाह्रै महिना सिँचाइ पुऱ्याई उत्पादन दोब्बर बृद्दि गर्ने लक्ष्यका साथ विगत सरकारले अगाडी वढाएको योजनाहरूलाइ हटाएको र बजेट कटौती गरेकाले विगतमा योजनाबद्ध कार्यक्रम र बजेट विनियोजन भएका योजनाहरू यथावत रहोस् ।
२, भूमिगत सिँचाइलाई विगत सरकारले पहाडी इलाका टार, बस्तीहरूमा समेत सुरू गरेकोमा हाल बजेट कटौती गरेको हुँदा पर्याप्त बजेट छुट्ट्याउनुपर्ने ।
३, गत वर्ष गण्डकी प्रदेशमा बाढी पहिरोले लघुजलविद्युत आयोजनाहरू बगाएको छ, केन्द्रीय विद्युत लाइनहरू बिगारेको छ, त्यसको मर्मत सम्भार तुरून्तै नगर्ने हो भने हामीले भनेको उज्यालो प्रदेश घोषणा गर्न सकिँदैन । त्यसैले सोलार, केन्द्रीय प्रसारण लाइनहरू र माइक्रो होइड्रो मर्मतका लागि बजेट व्यवस्था गर्नुपर्ने ।
४, गण्डकी प्रदेश उज्यालो प्रदेश कार्यक्रमलाई यस बर्ष सम्पन्न हुनेगरी बजेट व्यवस्था गर्नुपर्ने ।

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
आतिथ्य खर्चिलो देखिए पनि सत्कार पाइनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सानो प्रयत्नले दिगो काम प्रारम्भ गर्न सकिनेछ । बोलीका भरमा काम सम्पादन हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आफ्नो क्षेत्रमा नाम र दाम कमाउने समय छ । कर्मयोगले आम्दानी समेत बढाउनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
रोकिएका काम बन्नाले मनग्य लाभ हुनेछ । द्वेष वा ईर्ष्या गर्नेहरूले हार खानेछन् ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
अरूको विश्वासमा पर्दा धोका हुन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि धनसञ्चय र कर्मनिश्चय गर्ने समय छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
विभिन्न स्रोत–साधन प्राप्त हुनेछन् र साँझतिर कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
साँझदेखि स्थितिमा सुधार आउनेछ। अवसर तथा सफलताले पछ्याउनेछन् ।

# गण्डकी सरकार पूर्वाग्रही बनेको ............

**(घ) भूमि व्यवस्था, कृषि तथा सहकारी**

१, मुख्यमन्त्री जलवायु मैत्री कृषि नमुना गाउँ कार्यक्रममा पर्याप्त बजेट छुट्याउनुपर्ने । यो कार्यक्रमलाइ प्रभावकारी ढंगले कार्यान्वयन गराउनुपर्ने ।
२, साना सिँचाइ कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने ।
३, गण्डकी काउ फार्मलाई बजेट छुट्याउनुपर्ने ।
४, पशुको पूर्ण खोप कार्यक्रम ८५ स्थानीय तहमा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने।
५, साना व्यावसायिक फार्मका लागि पर्याप्त बजेट व्यवस्था गर्नुपर्ने ।
६, दुग्ध सहकारीका कार्यक्रमलाई पर्याप्त बजेट हुनुपर्ने ।
७, माटोको गुणस्तर सुधारका लागि पर्याप्त बजेट हुनुपर्ने ।
८, चक्लाबन्दी कार्यक्रमका लागि पनि पर्याप्त बजेट हुनुपर्ने ।
९, कृषी भूमि व्यवस्था, सहकारी तथा गरीबि निवारण मन्त्रालय अर्न्तगत छनौट भएका गण्डकी प्रदेशका ११ वटै जिल्लाका कृषि प्राविधिकहरूलाइ सिक्ने र काम गर्ने (learn and earn ) कार्यक्रम अर्न्तगत इजरायल पठाउने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने । पुर्व तालिमलागि आरबा नेपाल लमजुङसंग भएको सहमती कार्यान्वयन गरी निरन्तरता दिनुपर्ने।

**(ङ) उद्योग, पर्यटन, वन तथा वातावरण**

१, कस्तूरी मृग प्रजनन तथा पालन कार्यक्रम, विद्युतीय चुल्हो प्रवर्द्धन कार्यक्रम, एक निर्वाचन क्षेत्र एक हरित पार्क, सामुदायिक वनमा फलफूलका बिरूवा रोप्ने कार्यक्रम, जडिबुटी बिरूवा उत्पादन कार्यक्रममा बजेट शून्य छ । यी कार्यक्रमलाई बजेट विनियोजन गर्नुपर्ने ।
२, 'एक स्थानीय तह एक उद्योगग्राम', प्रदेश गौरवका औद्योगिक क्षेत्र (पुंडीटार, कास्की र लोकाहखोला, नवलपुर), कास्कीको पचभैयामा प्राणी उद्यान, वन कार्यालयहरूमा अनुसन्धान/भूसंरक्षण/गल्छी, पहिरो नियन्त्रणमा पर्याप्त बजेट विनियोजन हुनुपर्ने ।
३, विज्ञान प्रविधि प्रतिष्ठानकालागी बजेट पर्याप्त हुनुपर्ने ।
४, गण्डकी प्रदेशका ताल तलैयाको संरक्षण विकास र पर्या पर्यटन व्यवसाय संग जोड्नका लागि ताल संरक्षण तथा विकास प्रधिकरणलाइ पर्याप्त बजेट प्रबन्ध गर्नुपर्ने ।
५, घरबास कार्यक्रमको लागी पर्यटन पूर्वाधार विकास गर्न विशेष जोड दिनुपर्ने ।

**(च) भवन तथा सहरी विकास**

१, प्रदेश सभा भवन निर्माणका लागि प्राथमिकता दिनुपर्ने ।
२, प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई आवश्यकता अनुसार बजेट व्यवस्था गर्नुपर्ने ।
३, गण्डकी विश्वविद्यालय र जिल्ला अस्पतालहरू र कार्यालय भवनहरूको निर्माण र मर्मतका लागि आवश्यकता अनुसार बजेट व्यवस्था गर्नुपर्ने ।
४, प्रदेश प्रशासनिक केन्द्र भवन निर्माणको लागि जमिन र बजेट व्यवस्थापन गर्नुपर्ने ।

**(छ) स्वास्थ्य तथा जनसंख्या, सामाजिक विकास र खेलकुद**

१, स्याङ्जा, दमौली, मध्यबिन्दु र लमजुङ अस्पतालको भवन निर्माणका लागि बजेट छुट्याइएको छैन, बजेट छुट्याइनुपर्ने ।
२, मनाङ, मुस्ताङ जिल्ला अस्पताल, मातृशिशु मितेरी अस्पताल, संक्रामक तथा सरूवा रोग अस्पतालका भवनलाई बजेट न्यून भएको छ । पर्याप्त बजेट छुट्याइनुपर्ने ।
३, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको डिपिआर तयार गरी भवन निर्माणको लागी बजेट छुट्ट्याइनुपर्ने।
४, नमुना आवासीय माविका लागि बजेट न्यून भएको हुँदा पर्याप्त बजेट छुट्याइनुपर्ने ।
५, एक स्थानीय तह एक खेल मैदानलाई प्राथमिकता दिई पर्याप्त बजेट व्यवस्थापन गर्नुपर्ने ।

- लोकसेवा आयोगको घोषित मुल्य मान्यता अनुरुप छनौट गरीएको भौतीक पुर्वाधार विकास तथा यातायत मन्त्रालय , भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय लगायतका मन्त्रालयहरूमा नियुक्त प्राविधीक र अन्य कर्मचारीको स्थायी पदपुर्ती नहुन्जेल निरन्तरता दिनुपर्ने ।
- PLGSp कार्यक्रम अर्न्तगतका (volunteer programme) स्वयंसेवक कर्मचारीलाइ निरन्तरता दिन बजेट व्यबस्था हुनुपर्ने ।
- सिंगो मनाङ जिल्ला र गोरखाको चुमनुब्री गाउँपालिका बाढीपहिरोका कारण सम्पर्कविहीन बनेको छ । त्यस क्षेत्रको सडक, पुल, बिजुली, खानेपानी तत्काल निर्माण एवं मर्मत गर्न सरकारसँग माग गर्दछौं । जनताको जिउधनको समेत क्षति भएको हुँदा उचित राहत दिन, बसोबासको व्यवस्था मिलाउन पनि सरकारले तत्काल काम गरोस् भन्ने माग गर्दछौं ।
- कोभिड १९ को रोकथाम, बिरामीको सहजै निशुल्क उपचार र सबै नागरिकलाई खोप व्यवस्था गर्न माग गर्दछौं ।

*नेकपा एमाले*
*संसदीय दल, गण्डकी*

# हतियार कब्जा तालिबान आक्रमणको सफलताको कडी

**ड्याभिड फक्स/ज्याक मूर/**काबुल

संयुक्त राज्य अमेरिकाले अफगानिस्तानमा तालिबान समूहलाई हराउन त्यहाँको सरकारी सेनालाई हतियार तथा अन्य बन्दोबस्तका सामान आपूर्ति गर्न अरबौं खर्च गऱ्यो । तर अफगानी सुरक्षा बलको द्रूत पतनले विद्रोहीको हतियार संकलनमा सफलता मिलेपछि उनीहरूलाई थप आक्रामक बन्न सहयोग पुगेको छ। अमेरिकी सेनालाई हटाउने र स्थानीय सरकारलाई जिम्मेवारी छोड्ने आफ्नो निर्णयको रक्षा गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले भन्नुभयो, "हामीले हाम्रा अफगान साझेदारलाई 'सबै औजार' प्रदान गऱ्यौं । तर अफगान सुरक्षा फौजले त्यस लडाइँको लागि खासै जोड देखाएका छैनन् र हजारौंको संख्यामा सक्रिय तालिबानले उनीहरूलाई प्रमुख सहरबाट तुरून्तै उठाउन थालेका छन् ।"

तालिबान समूहले उनीहरूका सामाजिक सञ्जाल तालिबान लडाकूले हतियारको ठूलो पैमाना जफत गरेको भिडियोले भरिएका छन्। यो अधिकांश हतियार पश्चिमी शक्तिले प्रदान गरेको हो । उत्तरी शहर कुन्दुजमा आत्मसमर्पण गरिरहेका अफगान सिपाही रहेको एक दृष्यचित्रमा शक्तिशाली हतियारले भरिएको र विद्रोहीले हातमा बन्दुक समाएर उभिएको देखाइएको छ। पश्चिमी शहर फराहमा, लडाकुले चीलले सर्पलाई आक्रमण गर्दै गरेको तस्वीर रहेको गाडीमा गस्ती गरिरहेको पाइन्छ। यो अफगानिस्तानको गुप्तचर सेवाको आधिकारिक सङ्केत हो। यसले के बताउँछ भने विद्रोहीले सरकारी सुरक्षा बलसँगबाट सबै प्रकारका हतियार तथा बन्दोबस्तीका सामान कब्जा गरेका छन् ।

हतियार खोजी समूह, 'कन्फिलक्ट आर्मामेन्ट रिसर्च'का जस्टिन फ्लिश्नरले एएफपीसँग भन्नुभयो, "अमेरिकी सेनाले 'अत्याधुनिक' उपकरण आफूसँगै लगेपनि तालिबानको आक्रमणले उक्त समूहलाई 'बन्दोबस्तीका गाडी, बख्तरबन्द गाडी, मध्यम खालका हातहतियार र हल्का हतियारका साथसाथै गोला बारूद' दिएको छ। विशेषज्ञको भनाइअनुसार तालिवानका क्षेत्रीय सहयोगी समूहको अज्ञात समर्थनले तालिबानलाई ठूलो बल मिलेको छ । 'एस राजारतनाम स्कूल अफ इन्टरनेशनल स्टडीज' का वरिष्ठ अधिकारी राफाएलो पन्टुचीका अनुसार यी हतियारले काबुलमा तालिबानको आक्रमणलाई मात्र होइन यसले तालिवान लडाकूद्वारा कब्जा गरिएका शहरमा उसको अवस्थालाई सुदृढ पार्नेछ ।

अमेरिकी फौज सबै गइसकेपछि अहिले तालिबानले एक पैसा पनि खर्च नगरीकन अमेरिकाले अफगानिस्तानमा आपूर्ति गरेका औजारलाई जम्मा गर्न सफल भएका छन् । "यो एकदमै गम्भीर कुरा हो। उहाँले भन्नुभयो, "यो लालिवान लडाकू समूहका लागि 'सफलताको कसी' हुनेछ । यसको असर कतिपय प्रान्तिय सहर कब्जा गर्ने बेला देखिइसकेको छ ।

अमेरिकी सेना उसको फिर्ता समय सीमाभन्दा अगाडि नै स्वदेश फर्किने तयारी भइरहँदा सन् २००१ मा भएको आतङ्ककारी हमलापछि अल कायदासँग सम्बन्ध कायम राख्ने अफगानी विद्रोही पनि अमेरिकाले अफगान सरकारलाई उपहार दिएका हतियारसाथ परेड खेल्नु र शहरबाट सरकारी सेनाको बहिर्गमन (पतन) हुनु यहाँको सबैभन्दा खतरनाक परिदृश्य भएको सन् २००१ मा तालिबानलाई विस्थापित गर्न अमेरिकी विशेष फौजको नेतृत्व गर्ने जेसन अमेरीनले एएफपीलाई बताउनुभयो।

अफगान राष्ट्रिय सेनालाई संकेत गर्दै उहाँले भन्नुभयो, "अमेरिकाले हतियार र सैनिक बन्दोबस्तीका सामान तालिबानको हातमा पर्न सक्छ भन्ने अनुमानका साथ एएनएलाई सुसज्जित गरेको थियो । "हालको संकट खरिद निर्णय गर्दा विचार गरिएको सबैभन्दा खराब परिस्थिति हो ।" तालिवानले आफ्नो सफलतालाई अफबाहको रूपमा फैलाउन सफल भएका छन् । यसले अफगानी सेना तथा अधिकारीलाई मनोवैज्ञानिक असर परेको छ । कुन्दुज विमानस्थलमा रातो मोटरसाइकलमा रहेका तालिबान लडाकू शीरदेखि पैतालासम्म विद्रोही पोशाकमा सजिएका र विमानस्थलमा रहेको सैनिक हेलिकोप्टरलाई हेरिरहेको देखिन्थ्यो। हेलिकोप्टर उनीहरूको नियन्त्रणमा थियो । यो विद्रोही इलाकाभरि झल्किएको हर्षको चित्र हो। विमानले कम्तीमा पनि विमानचालक विना युद्धभूमिमा कुनै असर पार्न छैन । सीआइए आतङ्कवाद विरोधी विश्लेषक अकी पेरिट्जले एएफपीसँग भन्नुभयो, "तिनीहरु अफवाहको उद्देश्यका लागि मात्र हुनेछन् ।" यो भन्दा बढी उपयोगी भनेको देशको दुर्गम भू-भागमा मार्ग-निर्देशन गर्न प्रयोग गरिने हल्का हातहतियार तथा गाडी हुनेछन् ।

सेनाको मनोबल घट्दै गएसँगै तिनीहरुले पश्चिमी समर्थित सरकारलाई तालिबानले निम्त्याउने खतरालाई बढावा दिनेछन् । सङ्कट बढ्दै जाँदा, बाइडेनको प्रशासनले अझै पनि पराजित हुनै लागेको अफगान सेनालाई सुसज्जित गर्ने बताएको छ। मध्यपूर्वका अवलोकनकर्ताले यो हतियार हस्तान्तरण भएको पहिला नै देखेका छन् । अमेरिकी इराकबाट हटेपछि सन् २०१४ को मध्यतिर इस्लामिक स्टेट (आइएस) समूहले इराकी शहर मोसुललाई कब्जामा लिएको थियो र यस क्रममा उसले अमेरिकाद्वारा आपूर्ति गरिएका बन्दूक तथा बख्तरबन्द गाडी पनि कब्जामा लिएको थियो, जसलाई जिहादी मुसलमानले इराकदेखि सिरियासम्म इस्लामिक क्षेत्र घोषणा गर्नका लागि प्रयोग गरेका थिए । पेरिट्जले यो अहिले एउटा बाटोको रूपमा परिणत बनेको बताउँदै अफगानिस्तानमा तालिवानको विजय यस क्षेत्रको शान्तिका लागि मुख्य चुनौति भइरहने बताउनुभयो।

रासस/सिन्ह्वा


## श्री रत्नहरि मेमोरियल अस्पताल प्रा.लि

**व्यास-४, भोर्लेटारचोक, दमौली तनहुँ ।**
**फोन : ०६५-५६०१०२, ५६१९९४ ९८४६६१५२५७**

**हाम्रा उपलब्ध सेवाहरू :**

- **डा. रामकुमार श्रेष्ठ** (एम.डि.जि.पि.)द्वारा बिहान ७:३० देखि ९:३० बजेसम्म उपचार सेवा ।
- **डा. इन्द्रकुमार यादव** (एमविविएस), डा. बिनिता श्रेष्ठ (एमविविएस)द्वारा २४सैं घण्टा इमरजेन्सी उपचार सहितको सेवा ।
- हरेक हप्ताको सोमबार र बिहीबार हार्डजोर्नी तथा नाशा रोग विशेषज्ञा डा. विद्याभुषण ताम्राकारद्वारा स्वास्थ्य परीक्षण ।
- बिहीबार सर्जन डा. परिवर्तन बराल र मेडिसिन Consultation डा. डोलेन्द्र आर्चायद्वारा हरेक हप्ताको बुधबार स्वास्थ्य परीक्षण सेवा ।
- अत्याधुनिक प्रयोगशाला (रगत, दिसा, पिसाव, खकार, विर्य तथा अन्य)
- डिजिटल एक्स-रे सेवा । - भिडियो एक्स-रे सेवा । - ई.सि.जि. सेवा ।
- विरामी भर्ना (१५ शैंया) - खोप सेवा । - फार्मेसी सेवा
- स्वास्थ्य परीक्षण (साधारण मेडिकल तथा प्याकेज चेकअप)
- शल्यक्रिया (साधारण तथा जटिल) - एम्वुलेन्स सेवा (९८४६६१५२५७)
- ओ.पि.डि सेवा (आइतबार-शुक्रबार बिहान ७ देखि ४ बजेसम्म र शनिबार ७ देखि १ बजेसम्म)

**तारा प्रसाद श्रेष्ठ (अध्यक्ष)**

## किसान भेटेरिनरी सप्लायर्स

व्यास-२, मिनराज कम्प्लेक्स, भोर्लेटारचोक (शहिद गेट)
**सम्पर्क : ९८५६०१०६२२, ९८४६०८७२६३, ९८४८४४७५७६**

**हाम्रा सेवाहरू**
- पशुपन्क्षिका लागि भ्याक्सिन तथा औषधी
- गाईभैसी, बंगुर, माछा, बाख्राको दाना/चोक्कर
- घर-घरमा पशुसेवा तथा परामर्श सेवा
- कुकुरका लागि आवश्यक पर्ने सम्पूर्ण सामार्गीहरू ।

**तपाईको सेवामा हामी हाजिर छौं**

**प्रो. राम शाह** **प्रो. विभा शाह**

## सिद्धार्थ भेट फर्मा/विभा सप्लायर्स

व्यास-२ बागबजार, दमौली

**हाम्रा सेवाहरू :** पशुपंक्षिको औषधी तथा भ्याक्सिन, दाना, चल्ला पाउनुका साथै प्राविधिक सल्लाह दिइन्छ ।
**सम्पर्क नं.: ९८५६०१५४००, ९८५५०१५४००, ९८०४२९६८३३**

**हाम्रा सेवाहरू :** कुखुराको चल्ला, दाना, गाईभैसी, बाख्रा, माछाको दाना पाउनुका साथै प्राविधिक सल्लाह उपलब्ध गराइन्छ ।
**सम्पर्क नं.: ९८४५१४५३६३**

**हाम्रा सेवाहरू : अण्डा, चल्ला, दाना आदि पाइन्छ**

**प्रो. मान बहादुर श्रेष्ठ**



## दियालो स्टोर्स एण्ड अण्डा सप्लायर्स

व्यास-४, बागबजार, दमौली, तनहुँ ।
फोन : ०६५-५६४२८२, ९८५६०६०२६१, ९८४६०९१२६२

## स्वास्थ्य परीक्षण सम्बन्धी सुचना !

**भाद्र ४ गते शुक्रबार**

१) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुबराज अधिकारी**द्वारा स्वास्थ्य परिक्षण ।

**भाद्र ५ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ **डा. तिर्थलाल उपाध्याय**द्वारा स्वास्थ्य परीक्षण ।
२) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ठ **डा. रोशन पङ्गेनी**द्वारा भिडीयो एक्सरे सेवा ।

**भाद्र १२ गते शनिबार**

१) पोखरा मणिपाल अस्पतालका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुबेदी**द्वारा स्वास्थ्य परीक्षण ।

**भाद्र १९ गते शनिबार**

१) काठमाडौं अल्का अस्पतालका वरिष्ठ बाथरोग विशेषज्ञ **डा. अभिलाषा शाह**द्वारा स्वास्थ्य परीक्षण ।
२) पोखरा मेट्रोसिटी अस्पतालका वरिष्ठ नाक, कान र घाटीरोग विशेषज्ञ **डा. निरज केसी**द्वारा स्वास्थ्य परीक्षण ।

**भाद्र २६ गते शनिबार**

१) पोखरा फेवासिटी अस्पतालका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ **डा. बिनम्र बस्नेत**द्वारा स्वास्थ्य परीक्षण ।
२) पोखरा फेवासिटी अस्पतालका वरिष्ठ स्नायु, नशा, मानसिक तथा लागुऔषध रोग विशेषज्ञ **डा. जय बहादुर खत्री**द्वारा स्वास्थ्य परीक्षण

**हाम्रा उपलब्ध सेवाहरू :**

१) **डा. हेमन्त श्रेष्ठ**द्वारा दैनिक बिरामी जाँच ।
२) आधुनिक प्रयोगशाला द्वारा रगत, दिशा, पिसाबको परिक्षण ।
३) भिडियो एक्सरे सेवा । ४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा ।
५) ई.सि.जी सेवा । ६) ड्रेसिङ्, सुचरिङ् र प्लास्टर सेवा ।
७) गुणस्तरीय फार्मेसी सेवा ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ् पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ। फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२


## पेन्सनपट्टा हराएको सूचना

तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका-६ (साविक खैरेनीटार-८) बेलडाँडा बस्ने मेरो निम्न विवरण भएको पेन्सन पट्टा मिति २०७८/०३/२० गते घरदेखि दमौली तर्फ जाँदै गर्दा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

**नाम :** सुन माया कुमाल
**ठेगाना :** शुक्लागण्डकी-६ (साविक खैरेनीटार-८), तनहुँ
**पेन्सन पट्टा नं. :** ११३०५७ **सम्पर्क नं. :** ९८१६६१२४७६


**Dr. Sanjeev Adhikari**
**दृष्टि रोग विशेषज्ञ**

## Damauli Eye Care Center Pvt. Ltd.

**Vyas-2, Ganeshman Chowk, Damauli, Tanahun**
**Mbl no : 9841969007, 9846140073**

**हाम्रा सेवाहरू :**

१. आधुनिक प्रविधिद्वारा आँखा परिक्षण २. मोतिया विन्दुको जाँच तथा उपचार
३. आँखा धमिलो हुने, आँखा पाकेको, मासु पलाएको, आँखाबाट आँसु बगिरहने रोगहरूको उपचार
४. डेढो आँखाको विशेष जाँच तथा उपचार ५. जलविन्दुको जाँच तथा उपचार
६. मधुमेह तथा उच्च रक्तचाप भएका व्यक्तिहरूको विशेष आँखा परिक्षण
७. सबै किसिमको Contact Lens को सुविधा
८. कृत्रिम आँखा राखिने ९. अल्छि आँखाको भिजन थेरापी गराईने
१०. कम्प्युटर चलाउँदा लगाउने चस्मा उपलब्ध ११. Progressive चस्मा उपलब्ध

**नोट : ५ वर्ष मुनिका तथा ७० वर्ष माथिका वृद्धवृद्धालाई निःशुल्क आँखा परिक्षण गराइन्छ**

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**
**सम्पर्क : ०६५-५६०९०७**
E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७८ साउन ३२, सोमबार
August 16, 2021

# खोप लगाएपछि ज्येष्ठ नागरिक ढुक्क

हरि बास्तोला/गण्डकी

'कोरोनाविरूद्धको दोस्रो चरणको खोप लगाउन पाइन्न कि भन्ने चिन्ता थियो, पहिलो खोप लगाएको पाँच महिनापछि दोस्रो खोप लगाउन पाउँदा ढुक्क भएको छौँ ।' पोखरा महानगरपालिका वडा नं १७ रातोपैह्रास्थित शहरी स्वास्थ्य केन्द्रमा कोरोनाविरूद्धको दोस्रो चरणको खोप लगाउनु भएका ज्येष्ठ नागरिकको सामूहिक भनाइ हो यो । वर्षात्को प्रवाह नगरि कतिपय ज्येष्ठ नागरिक बिहानैदेखि छाता ओढेर, लौरो टेकेर तथा आफन्तको सहायतामा केन्द्रमा पुगेर लाइनमा बस्नुभएको थियो। अशक्त ज्येष्ठ नागरिकलाई आफन्तले बोकेरै केन्द्रसम्म ल्याउनुभएको थियो ।



विसं २०७७ फागुन २६ गते कोरोनाविरूद्धको पहिलो खोप लगाउनुभएको पोखरा महानगरपालिका वडा नं १७ म्युजियममार्गकी ८५ वर्षीय लीलावती बाँस्तोलाले १६३ दिनपछि दोस्रो खोप लगाएर केन्द्रबाट बाहिर निस्कँदै गर्दा बाँच्ने आशा पलाएको प्रतिक्रिया दिनुभयो । पछिल्लो समय कास्कीमा कोरोना संक्रमण ह्वात्तै बढेको र दैनिकजसो मृत्यु हुनेको संख्या पनि थपिएको सुन्दा अहिलेको महामारीबाट बाँचिन्न कि जस्तो लागेको बताउँदै उहाँले ढिलै भए पनि दोस्रो पटक खोप लगाउन पाउँदा खुशी लागेको बताउनुभयो।

सोही केन्द्रमा दोस्रो चरणको खोप लगाउनुभएकी पोखरा १७ डेमसाइटकी अर्की ज्येष्ठ नागरिक सुधारी शेरचनले खोपको कार्ड देखाउँदै पहिलो खोप लगाएपछि छिट्टै दोस्रो खोप पाउने आशा लागेको थियो तर पाँच महिना पाँच दिनपछि मात्र खोप लगाइयो काम गर्छ कि गर्दैन पछि थाहा होला । खोप केन्द्रको व्यवस्थापनमा बिहानैबाट खटिनुभएका पोखरा महानगरपालिका वडा नं १७ का वडाध्यक्ष तीर्थराज अधिकारीका अनुसार खोप केन्द्रमा आइतबार बिहानदेखि १२ बजेसम्म अत्यधिक भीड भए पनि त्यसपछि भने बिस्तारै खुला हुँदै गएको छ । सो केन्द्रमा साउन ३२ गते भोलि पनि खोप कार्यक्रम सञ्चालन हुनेछ ।

पोखरा महानगरपालिका ३३ वटा वडामा ४८ खोप केन्द्रबाट २१ हजार ८२४ जना ज्येष्ठ नागरिकलाई दोस्रो चरणको खोप लगाउने काम भइरहेको महाशाखाका स्वास्थ्य अधिकृत हरिलाल आचार्यले जानकारी दिनुभयो ।

खोप केन्द्रमा जनप्रतिनिधि, सामाजिक संघसंस्थाका प्रतिनिधि, सुरक्षाकर्मीसहित ३०० भन्दाबढी स्वास्थ्यकर्मी परिचालन गरिएको बताउँदै उहाँले दुई दिनका लागि खोपको अभाव नहुने बताउनुभयो। स्वास्थ्य महाशाखाको टिमले आज बिहान पोखराका विभिन्न खोप केन्द्रको स्थलगत अनुगमन गरेको बताउँदै उहाँले सबै केन्द्रमा खोप कार्यक्रम व्यवस्थितरूपमा सञ्चालन भएको छ । पहिलो चरणमा खोप लगाएकामध्ये ६०० जनासम्म ज्येष्ठ नागरिक रहेको वडाका केन्द्रमा एक दिन र उक्त संख्याभन्दा बढी सत्त्या भएका वडामा दुई दिन खोप लगाउने व्यवस्था गरिएको बताउँदै अधिकृत आचार्यले भन्नुभयो, 'पोखराका वडा नं १, ५, ८, १०, १३, १४, १५, १७ र २५ का केन्द्रमा सोमबार पनि खोप लगाउने व्यवस्था गरिएको छ ।'

विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसबाट नागरिकलाई जोगाउने लक्ष्यका साथ सरकारले मुलुकमा पहिलो पटक भारतबाट भित्र्याएको कोभिसिल्ड खोप लगाएका ६५ वर्षभन्दामाथि उमेर समूहका ज्येष्ठ नागरिकलाई दोस्रो चरणमा जापानबाट प्राप्त भएको आस्ट्राजेनेकाको खोप लगाइएको हो ।

कास्कीमा यसअघि ८७ हजार ८३० जनाले कोरोनाविरूद्धको दुवै डोज खोप लगाइसकेका छन् । कास्कीमा हालसम्म १५ हजार ८७० जनाले कोभिसिल्ड, एक डोज मात्र लगाए हुने अमेरिकन खोप जोनसोन एण्ड जोन्सन २५ हजार जनाले र ४६ हजार ९० जनाले भेरोसेलको दुवै डोज खोप लागाईसकेका छन् । जिल्ला स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बाबुराम आचार्यका अनुसार पोखरा महानगरपालिका, रूपा गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका र मादी गाउँपालिकामा आज र आइतबार र अन्नपूर्ण गाउँपालिकामा भदौ २ गते खोप लगाउने कार्यक्रम रहेको छ । कास्कीमा आस्ट्राजेनेकाको ३२ हजार डोज खोप प्राप्त भई सकेको उहाँको भनाइ छ । रासस

# तनहुँमा गत आ.व. मा १२ पुल ..........

सरकारको निर्णय अनुसार छ महिना म्याद थप गरिनेछ । "म्याद सकिएका पुल छ महिनाभित्र सम्पन्न हुने गरी काम गर्न निर्देशन गरिएको छ", उहाँले भन्नुभयो ।

गत वर्ष शिलान्यास भएका दुई वटा पुलको काम भने अन्तिम चरणमा पुगेको छ । रिस्ती खोला सोती पसल र बुड्वा खोला लोकतान्त्रिक पुलको काम अन्तिम चरणमा पुगेको हो । "दुवै पुलको काम ९० प्रतिशत सम्पन्न भएको छ, अब स्ल्याब राख्ने काम मात्र बाँकी छ", उहाँले भन्नुभयो ।

निर्माणाधीन ती पुललाई रू २९ करोड एक लाख २९ हजार भुक्तानी भइसकेको कार्यालयले जनाएको छ । यसआवमा प्रदेश सरकारले ती पुललाई रू २६ करोड ४० लाख विनियोजन गरेको छ । सबै पुल सम्पन्न गर्न रू ८९ करोड ६६ लाख ६१ हजार २४० आवश्यक पर्दछ ।

चालू वर्षमा पनि प्रदेश सरकाले जिल्लाका १४ मोटरेवल पुल निर्माणका लागि बजेट विनियोजन गरेको छ । ती पुललाई तीन करोड ३० लाख बजेट विनियोजन भएको छ । बजेट विनियोजन भए पनि पुलको उपयोगिता अध्ययन गरी माटो परीक्षण भएपछि विस्तृ आयोजना प्रतिवेदन (डिपिआर) तयार भई स्रोत सुनिश्चितता हुँदा बल्ल काम शुरू गरिने कार्यालय प्रमुख ढुङ्गानाले बताउनुभयो ।

वर्षामा सडक सञ्जालबाट सम्पर्क विच्छेद हुने जरेवरका बासिन्दालाई यस वर्षामा पक्की मोटरेवल पुलबाट खोला तर्न पाउने आशा थियो । भिमाद नगरपालिका–८ थामडाँडा र शुक्लागण्डकी नगरपालिका–११ जरेबर जोड्ने गरी बरखोलामा शिलान्यास गरेको पुल गत असार २२ मा सम्पन्न हुनुपर्ने थियो । मुक्तिनाथ दीपज्योति ज्वाइन्ट भेञ्चर पोखराले ठेक्का पाएको पुलको चार वटा पिल्लर ठडिनेबाहेक काम भएको छैन ।

हिउँदमा कुलो जत्रै भएर बग्ने बुड्वा खोला यतिबेला तर्न नसक्ने अवस्थामा छ । यहाँका स्थानीवासी घाँस दाउरा र मेलापात गर्न बन्दै गरेको अधुरो पुलबाट जोखिम मोलेर तर्न बाध्य छन् । बुड्वा खोला तरेर लोकतान्त्रिक मोटरमार्गमा सवारी गुडाउने चालकलाई पनि सास्ती छ ।

वर्षौंदेखि मोटरेवल पुल चाहियो भन्दै आएका स्थानीयवासीको मागलाई सुनवाइ गर्दै प्रदेश सरकारको लगानीमा गत पुसमा बुड्वा खोलामा पुल शिलान्यास भएको थियो । गणेश कुण्ड आइएस निर्माण सेवा नुवाकोटले ठेक्का लिएको पुलको सम्पन्न गर्ने म्याद गत असार २७ मा सकिएको छ। पुलको काम सक्न १५ प्रतिशत बढी रहेको निर्माण उपभोक्ता समितिका अध्यक्ष पदमराज सेन ठकुरीले बताउनुभयो । "यतिबेला पुल बनाएर सकिन्थ्यो होला । बाढी आएर काम रोकियो", उहाँले भन्नुभयो, "पुल र सडकका बीचमा फिल्डिङ गर्ने काम बाँकी छ ।"

ऋषिङ गाउँपालिका–४ मधुवन र पाँच रूपटार जोड्ने गरी ज्वाला खोलामा निर्माण थालिएको मोटरेवल पुलको पनि सम्पन्न गर्नुपर्ने मिति सकिएको छ । ठेक्का सम्झौताअनुसार गत असार २५ गते पुल निर्माण सम्पन्न भइसक्नुपर्थ्यो । ज्वाला खोलासहित शालिकराम करिडोरमा मात्र चार वटा पुल शिलान्यास गरिएको थियो। हालसम्म एउटा पनि सम्पन्न भएको छैन । रासस

# रोटरीद्वारा विद्यालय ..........

व्यास–१० को भानु र सर्वज्योति माध्यमिक विद्यालयलाई उक्त सामाग्रि उपलब्ध गराइएको छ ।

त्यसैगरी म्याग्दे गाउँपालिकाको पार्वती आधारभूत विद्यालय र ऋषिङ गाउँपालिकाको श्रृङ्ग माध्यमिक विद्यालयलाई वाटर डिस्पेन्सर हस्तान्तरण गरिएको क्लबका पूर्व अध्यक्ष दामोदर भण्डारीले जानकारी दिए । उनका अनुसार आठ वटा विद्यालयलाई शनिबार एक कार्यक्रमका बीच र दुई वटा केही दिन अघि प्रदान गरिएको थियो ।

कार्यक्रममा रोटरी डिष्ट्रिक ३२९२ नेपाल–भुटान पूर्व डिष्ट्रिक गर्भनर किरणलाल श्रेष्ठ, व्यास नगरपालिकाका नगरप्रमुख बैकुण्ठ न्यौपाने, क्लबका अध्यक्ष दिनेश कुमार श्रेष्ठले संयुक्त रूपमा विद्यालयलाई वाटर डिस्पेन्सर हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा बोल्दै रोटरी डिष्ट्रिक ३२९२नेपाल–भुटान पूर्व डिष्ट्रिक गर्भनर श्रेष्ठले रोटरी सामाजिक सेवाको लागि सदैव अग्रपंक्तिमा रहेर काम गर्ने संस्था भएको बताए । व्यास नगरपालिकाका नगरप्रमुख बैकुण्ठ न्यौपानेले पुरानो सामाजिक संस्था रोटरी क्लबमा पेशा, बर्ग, विभिन्न व्यवसायमा आबद्ध व्यक्तिहरू संलग्न रहेकोले समाजमा प्रभावकारी किसिमले सामाजिक क्रियाकलाप गर्दै आएको चर्चा गरे।

रोटरी क्लबले विद्यालयलाई वाटर फिल्टर प्रदान गरेपछि शुद्व, सफा पानी पिउन सहज हुने व्यास नगरपालिका–१२ कमलबारी स्थित सिद्धेश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायण प्रसाद अधिकारीले बताए ।

facebook twitter



**मदन कुमार**
twitter.com/Madankkharel
दि तपाईंका खुशीहरू सहभागी हुन नचाहने तपाईंका मित्रहरु छ्न भने या त ऊनीहरूलाई तपाईंको खुशी प्रती डाह भईरहेको हुन्छ अथवा उनीहरु स्वयँ हिन भावनाले ग्रस्त भएका हुन सक्छ्न ..!



**सोम खड्का**
twitter.com/SomKhadka7
आफ्नो बारेमा अरूले बकवास गर्दा पनि जवाफ नदिनेहरूलाई कमजोर नसम्झनु किनकि तिनीहरू हिलोमा ढुंगा हान्न नचाहने समझदारहरू हुन्, त्यसैले त यिनीहरूको मन र कपडा सधै सफा हुने गर्दछ ।



**साहिबा**
twitter.com/themoon128
संसार यस्तो ऐना हो हामी जस्तो छौं त्यस्तै देखिन्छ। जस्तो हुन खोज्छौं त्यस्तै बनिदिन्छ । जस्तो कि मुर्खले मूर्ख नै देख्छ, सज्जनले सज्जन नै देख्छ । समस्या संसारको होइन संसारमा समस्या छैन यदि समस्या छ भने त्यो आफ्नै सोचमा छ, विचारमा छ, व्यवहारमा छ र यहि नै दुखको कारण हो ।



**पुनम सापकोटा**
twitter.com/ghamjun
एक सपनाको भऱ्याङ उक्लिन कति पटक असफलताका खुड्किलाहरू चड्दै-झर्दै गर्नु पर्छ । जिन्दगीमा, सायदै गणना गर्न गार्हो छ, त्यसैले आत्मवल जस्तो दरिलो हतियार साथमा बोकेर गन्तव्य तय गर्नु अत्यन्तै बुद्धिमता हुन आउँछ ।

# भिमाद क्षेत्रका नदी खोलामा माछा मार्न रोक

भञ्ज्याङ समाचारदाता/भिमाद

तनहुँको भिमाद नगरपालिका क्षेत्रमा पर्ने नदी तथा खोलाहरूमा अवैध रूपमा माछा मार्न रोक लगाइएको छ । जथाभावी करेण्ट लगाएर माछा मार्दा जलचर प्राणीहरूको नाश हुँदै जान थालेपछि भिमाद नगरपालिकाको कार्यपालिका बैठकले नै अवैद्ध रूपमा माछा मार्न रोक लगाउने निर्णय गरेको हो ।

खोला तथा नदीमा बिषादी, करेण्ट र बम प्रयोग गरी माछा मार्ने प्रवृत्तिले गर्दा जलचर प्राणी नै लोप हुने अवस्थामा पुगेपछि यसरी माछा मार्न निषेध गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत थमन सिंह थापाले बताए।

उनका अनुसार परम्परागत रूपमा दुवाली, जाल र बल्छी खेलेर भने माछा मार्न पाइन्छ । यदि नगरपालिकाको नियमविपरीत माछा मारेको पाइएमा पहिलो पटक २ हजार ५ सय रूपैयाँ जरिवाना गर्ने र दोस्रो पटक ५ हजार रूपैयाँ जरिवाना सहित प्रचलित कानुन अनुसार कारवाही गर्ने निर्णय बैठकले गरेको थापाले बताए ।

भिमाद नगरपालिका क्षेत्रमा पर्ने गण्डकी नदी, वान्टाङ खोला, जिदी खोला, मैदी खोला, क्याङ्दी खोला, कुलुङ खोला लगायतका नदीनालामा अवैध रूपमा माछा मार्न रोक लगाइएको हो । यी नदी तथा खोलाहरूमा निगरानी समेत गरिने भएको छ ।

मास्क लगाऔं
एक जिम्मेवार नागरिक बनौं



कोरोना महामारीले हरेक शहर, गाउँ र घरलाई कुनै न कुनै किसिमले असर पुर्याएको छ। कसैले आफ्ना परिवारजन गुमाएका छन् त कोही भने दिन रात नभनी अरुको सेवामा लागेका छन्। यस वास्तविकतालाई ध्यानमा राखी आफ्नो नागरिक दायित्व पुरा गरौं र मास्क लगाऔं।

मास्क लगाउनु भनेको रोगको फैलावट कम गरी संक्रमण दर घटाउनु त हो नै, साथसाथै यो सामाजिक शिष्टाचार देखाउनु पनि हो।

#मजिम्मेवारनेपाली




बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दिपुर तनहुँ

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४